# *हस्तकला समाचार*

मुखपत्र

## नेपाल हस्तकला महासंघ


| वर्ष १४ | २७ औं वार्षिक सभा<br>विशेषांक, बैशाख २०६४ | अंक ७७ |
| --- | --- | --- |


### पश्मिना नमूना डिजाइन सम्बन्धी प्रदर्शनी तथा बिक्री कार्यक्रम

*नेपालबाट निकासी हुने वस्तुहरुमा तेस्रो स्थान ओगट्न सफल पश्मिनाजन्य वस्तुले समग्र हस्तकला वस्तुको निकासीमा पहिलो स्थान ओगटेको छ । २२ हजार फीटभन्दा अग्लो हिमाली भेगमा पाइने भेडा च्यांग्राको शरीरमा पाउने विशिष्ट प्रकारको रौंबाट तयार गरिने नेपालको मौलिक पहिचान बोकेको पश्मिनाजन्य वस्तुको निकासीबाट बिदेशी मुद्रा आर्जन भई नेपालको आर्थिक विकासमै महत्वपूर्ण टेवा पुग्न गएको छ । आ.व. २०५६/५७ र २०५७/५८ मा रु. ५ अरबभन्दा बढीको निकासी गर्न सफल पश्मिनाजन्य वस्तुको निकासी ततपश्चातका वर्षहरुमा विभिन्न कारणहरुले गर्दा क्रमशः घट्दै आ.व. २०६२/६३ मा मात्र रु. ६१९,३९१,९८६ बराबरको पश्मिनाजन्य वस्तु निकासी भयो भने आ.व. २०६३/६४ को प्रथम ६ महिनामा रु. ३१६,९११,०६५ को निकासी भयो । यसले सो वर्षका लागि कुल हस्तकला निकासीमा करीब २० प्रतिशत हिस्सा ओगटेको छ । सम्बन्धित व्यवसायीहरुका अनुसार पश्मिना निकासीमा गिरावट आउनुमा वस्तुको गुणस्तरीयता खस्किनु, वस्तु विविधिकरण हुन नसक्नु, बजारको माग अनुरुपको वस्तुको ढाँचा, डिजाइन तथा रंगको संमिश्रण अनुकुल नहुनु तथा अन्यसंग प्रतिस्पर्धी हुन नसक्नु आदि रहेको बताइएको छ । यस क्रममा सम्बन्धित व्यवसायीहरुको सुझाव एवं चाहना अनुरुप पश्मिनाबाट नौला बस्तु एवं नौला डिजाइन विकास गरी पश्मिनाजन्य वस्तुको गुणस्तर तथा निकासी अभिबृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले यस सम्बन्धी सेवा प्रदान गर्न एवं आवश्यकता अनुसार नमूनाहरु विकास गर्न नेपाल सरकारको सहयोग र यस महासंघ अन्तर्गत संचालित हस्तकला डिजाइन तथा विकास केन्द्रमा २०६३ माघ ११ गते पश्मिना बस्तु डिजाइन तथा विकास इकाई स्थापना गरिएको छ ।*

एकाइ स्थापना भएपछि सम्भाव्य व्यवसायीहरुलाई उपयुक्त हुने गरी सन् २००७/०८ का लागि अन्तरराष्ट्रिय कलर ट्रेन्ड अनुसार विभिन्न डिजाइनहरु तयार गरेको छ । इकाई स्थापना भएदेखि हालसम्म करुबि १५० वटा डिजाइन तयार गरिएको छ । उक्त तयार गरिएका पश्मिनाका विभिन्न डिजाइनहरु सम्भाव्य व्यवसायीहरुलाई जानकारी गराई बिक्री गर्नुका साथै उक्तः एकाईको कार्य एवं सेवा बारेमा प्रचार प्रसार गर्ने उद्देश्यले यस महासंघ र नेपाल पश्मिना उद्योग संघको संयुक्त तत्वावधानमा हस्तकला डिजाइन तथा विकास केन्द्रको व्यवस्थापनमा २०६४ बैशाख २१ र २२ गते ललितपुरमा पश्मिना नमूना डिजाइन प्रदर्शनी तथा बिक्री कार्यक्रमको आयोजना गरियो । नेपाल पश्मिना उद्योग संघको सातौं वार्षिक साधारण सभाको अवसर पारेर आयोजना गरिएको उक्त पश्मिना नमूना डिजाइन प्रदर्शनी तथा बिक्री कार्यक्रम माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री राजेन्द्र महत्वले ललितपुरमा उद्घाटन गर्नुभयो । उक्त अवसरमा उहाँले प्रदर्शित विभिन्न पश्मिनाका नमूना डिजाइनहरुको अवलोकन गरी पश्मिनाजन्य वस्तुको निकासी प्रबर्द्धनका लागि व्यवसायीहरुले गुणस्तर, डिजाइन विकास तथा वस्तु विविधिकरणमा जोड दिन आग्रह गर्दै प्रस्तुत प्रदर्शनी आयोजनाबाट सम्बन्धित व्यवसायीहरुमा डिजाइनको महत्वबारे चेतना अभिबृद्धि भई व्यवसाय प्रबर्द्धनमा टेवा पुग्ने अपेक्षा गर्नुभयो । सन् २००७/०८ का लागि छनौट गरिएको अन्तरराष्ट्रिय कलर ट्रेन्ड तथा पृथ्वी, बगैंचा र निलो आकाश एवं पानीको पृष्टभूमिको आधारमा तयार गरिएको उक्त प्रदर्शित १५० भन्दा बढी पश्मिनाका नमूना डिजाइनहरु उल्लेखनीय संख्यामा आएमा सम्बन्धित उपभोक्ता तथा व्यवसायीहरुद्वारा अवलोकन गरेका थिए ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका निमित्त सचिव श्री पुरुषोतम ओझाको प्रमुख आतिथ्यमा २०६४ बैशाख २२ गते ललितपुरमा आयोजित एक कार्यक्रमबीच उक्तः प्रदशनीको समापन गरियो । उक्त अवसरमा पश्मिना व्यवसायी तथा निकासीकर्ता, अतिथिवर्ग लगायत सम्पूर्ण उपस्थित सम्पूर्ण महानुभावहरुको स्वागत गर्दै यस महासंघका अध्यक्ष श्री पञ्चरत्न शाक्यले नेपाल पश्मिना उद्योग संघसंग सहकार्य गरी यस सिर्जनशील प्रदर्शनीको आयोजन ागर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो । सो क्रममा उहाँले पश्मिनाजन्य वस्तुको निकासी अभिबृद्धिका लागि बजा तथा उपभोक्ताको चाहना बमोजिमको समयसापेक्ष वस्तुको डिजाइन विकास कार्य सम्पादन गर्ने उद्देश्यले पश्मिना डिजाइन

विकास इकाईको स्थापना गरिएको चर्चा गर्दै प्रस्तुत प्रदर्शनीको महत्वबारेमा प्रकाश पार्नुभयो । पश्मिनाजन्य वस्तुको दीघो व्यवसायिक विकासका लागि डिजाइन विकासका साथै त्यसको Patent Right संरक्षणको आवश्यकता औल्याउँदै अवश्यक सहयोगका लागि सरकारसंग आग्रह गर्नुभयो । यसैगरी कार्यक्रममा मन्तव्य व्यक्त गर्दै नेपष्ल पश्मिना उद्योग संघका अध्यक्ष श्री शंकर प्रसाद पाण्डेले पश्मिना व्यवसायलाई व्यवस्थित एवं मर्यादित बनाउने प्रयास स्वरुप यस प्रदर्शनीको आयोजना गरिएको जनाउँदै विविध कारणवश पश्मिनाको निकासीमा आएको गिरावटलाई उकास्न सम्बन्धित उद्यमी व्यवसायहरु सशक्त रुपमा लाग्नुपर्ने बताउनुभयो । सो क्रममा पश्मिना डिजाइन विकास इकाईका संयोजक श्री सुनिल चित्रकारले कार्यक्रम आयोजना र इकाई स्थापनाको उद्देश्य तथा यसका क्रियाकलापबारेमा जानकारी प्रस्तुत गर्नुभयो । सिमित वस्तु र सिमित वजारले निकासीमा पूर्ण विकास ल्याउने नसक्ने चर्चा गर्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका निमित्त सचिव श्री ओझाले प्रस्तत प्रदर्शनी र पश्मिना डिजाइन विकास इकाईको स्थापनाले विविध एवं समयसापेक्ष नवोदित पश्मिनाजन्य वस्तुको विकास भई यसको दीर्घकालिन निकासी प्रबर्द्धनमा टेवा पुग्ने अपेक्षा गर्नुभयो । साथै वर्तमान विश्व बजारमा टिक्न वस्तुको गुणस्तर, डिजाइन तथा मूल्यमा अन्यसंग प्रतिस्पर्धी हुनु आवश्यक भएको चर्चा गर्दै अन्तराष्ट्रिय ट्रेडमार्क र गुणस्तर परीक्षण सहित पश्मिनाजन्य वस्तुको निकासी बृद्धि गर्न आग्रह गर्दै उहाँले पश्मिना लगायत हस्तकला क्षेत्रको प्रबर्द्धनका लागि सरकारको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । अन्तमा यस महासंघका प्रथम उपाध्यक्ष एवं हस्तकला डिजायन तथा विकास केन्द्रका सभापति श्री विकासरत्न धाख्वाले प्रस्तुत प्रदर्शनीलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने डिजाइनरहरु, प्राविधिकहरु, व्यवस्थापन समूह, डिजाइन खरीदकर्ता, सहयोगी संस्था तथा सम्वद्ध सबैमा धन्यवाद ज्ञापन गर्नुभयो । सो क्रममा उहाँले स्तरीय हस्तकला वस्तु तथा डिजाइन विकास गर्न, उद्यमीको सीप एवं दक्षता अभिबृद्धि गर्न, हस्तकला सम्बन्धी समसामयिक अध्ययन अनुसन्धान गर्न उक्त केन्द्रले विभिन्न गतिविधिहरु संचालन गर्दै आएको चर्चा गर्दै पश्मिना व्यवसायीहरुको सुझावको आधारमा पश्मिना डिजाइन विकास केन्द्रको स्थापना गरिएको बताउनु भयो । यस इकाईमा संलग्न डिजाइनरहरु तथा प्राविधिक टोलीहरुको संयुक्त प्रयासबाट व्यवसायीहरुको आवश्यकता अनुरुप डिजाइनहरु विकास गरिएको जानकारी गराउँदै प्रदर्शनीलाई सम्वद्ध व्यवसायीहरुले सकारात्मक रुपमा लिएको र प्रदर्शनी अवधिमा करीब ४० वटा डिजाइनहरु बिक्री भएको बताउदैं आउने दिनमा यस ईकाईबाट डिजाइन विकास सबन्धी सेवा ग्रहण गर्न आग्रह गर्नुभयो।

## फेल्टजन्य वस्तु उत्पादन सम्बन्धी प्रशिक्षण

*नवोदित हस्तकलाका वस्तुहरुमा फेल्टजन्य वस्तुहरुको निकासी विगत केही वर्षदेखि क्रमिक रुपमा बृद्धि हुँदै आएको छ । थोरै जनशक्ति तथा दक्ष उद्यमीहरुको अभावमा विश्व बजारमा यस वस्तुको अधिक माग भए पनि आवश्यक माग पूर्ति गर्न नसकिरहेको सम्बन्धित व्यवसायीहरुको भनाइ रहेको छ । यस सन्दर्भमा यस महासंघले हस्तकला उद्यमी व्यवसायीहरुको आवश्यकतामा आधारीत विभिन्नसीप प्रशिक्षणहरु संचालन गर्दै आएका छन् । यस क्रममा आर्थिक वर्ष २०६३/६४ भित्र पटक पटक गरी फेल्टजन्य वस्तु उत्पादन सम्बन्धी ४ वटा सीप प्रशिक्षण संचालन गरी ६४ जना उद्यमी व्यवसायीहरुलाई स्तरीय फेल्टजन्य वस्तु उत्पादन गर्ने सीप प्रदान गरियो ।*

यस महासंघको ऊनी वस्तु विकास समितिको संयोजनमा २०६४ बैशाख ५ देखि १७ सम्म चौंथो पटक फेल्टजन्य वस्तु उत्पादन सम्बन्धी प्रशिक्षण संचालन गरियो । २०६३ बैशाख १७ गते महासंघमा आयोजित एक कार्यक्तमबीच उक्तः प्रशिक्षणको समापन गरियो । कार्यक्रमको प्रारम्भमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै यस महासंघका अध्यक्ष श्री पंचरत्न शाक्यले हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनका लागि महासंघबाट निर्वाह हुँदै आएको भूमिका तथा संचालित विभिन्न गतिविधिबारेमा विवेचना गर्नुभयो । सो क्रममा उहाँले नवोदित हस्तकलाको रुपमा वर्तमान विश्व बजारमा बढी माग रहेको फेल्टजन्य वस्तु उत्पादन सम्बन्धी अधारभूत एवं विशिष्ट सीप प्रदान गरी दक्ष जनशक्ति विकास गरी यस वस्तुको निकासी प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले प्रस्तुत प्रशिक्षण संचालन गरेको बताउँदै सिकेको सीपलाई व्यवहारमा उत्तारी व्यवसायिक लाभ उठाउन आग्रह गर्नुभयो । साथै प्रशिक्षणमा बिभिन्न क्षेत्रबाट सहभागी हुने भएको हुँदा सभागीहरुबीच सीप सम्बन्धी अनुभवको आदानप्रदान भई सिर्जनशील सीप विकास भई वस्तु विविधिकरणमा समेत टेवा पुग्ने अपेक्षा गर्नुभयो । यस महासंघको ऊनी वस्तु विकास समितिकी संयोजक सुश्री रज्जु रञ्जितकारले कार्यक्रमको उद्देश्य एवं महत्वबारेमा प्रकाश पार्दै कच्चा पदार्थ उपलब्ध हुने क्षेत्रगत रुपमा दक्ष उद्यमी एवं जनशक्तिको विकास गर्दै जाने क्रममा यस प्रशिक्षणमा बाहिरी जिल्ला रसुवाबाट दुई जना महिला उद्यमीहरुको सहभागिता गराइएको बताउनु भयो । सो क्रममा प्रशिक्षणको विषयवस्तु एवं प्रशिक्षणको

मूल्यांकन सम्बन्धी जानकारी प्रस्तुत गर्दै श्रोतव्यक्ति श्रमिती शारदा रिजालले प्रशिक्षार्थीहरु मेहनती र सीपयुक्त भएका कारण आधारभूत प्रशिक्षणमा पनि कम समयमा विशिष्ट सीपहरु हासिल गर्न सक्षम भएको बताउनुभयो । अन्तमा महासंघका प्रथम उपाध्यक्ष श्री विकासरत्न धाख्वाले प्रशिक्षण सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने प्रशिक्षकहरु, प्रशिक्षार्थीहरु तथा अन्य सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्नुभयो । सो क्रममा उहाँले कुनै पनि व्यवसायको सफलताको लागि गुणस्तरीय उत्पादन मात्र अपर्याप्त हुने चर्चा गर्दै त्यसको व्यवसायिक सफलताका लागि वस्तुको उचित मूल्य निर्धारण, प्रचार प्रसार तथा बजार प्रबर्द्धनमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनु भयो ।

प्रशिक्षार्थीहरुका अनुसार प्रशिक्षण फेल्टजन्य निकासी योग्य हस्तकला उत्पादन गरी स्वरोजगार सिर्जना गर्न उपयोगी भएको बताइएको छ । प्रशिक्षण समापनको अवसरमा सहभागीहरुबाट प्रशिक्षण अवधिमा तयार गरिएका फेल्टजन्य विभिन्न वस्तुहरुको समेत प्रदर्शन गरिएको थियो ।

## वस्तु डिजाईनको आवश्यकता पहिचान तथा महत्व विषयक कार्यशाला गोष्ठी

हस्तकला क्षेत्रमा संलग्न उद्यमी, व्यवसायी तथा निकासीकर्ताहरुलाई वस्तु डिजाईन सम्बन्धी आवश्यकता तथा महत्वबारे समसामयिक एवं उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको सहयोग एवं यस महासंघ अन्तर्गत संचालित हस्तकला डिजाईन तथा बिकास केन्द्रद्वारा २०६३ चैत्र २७ गते ललितपुरमा **वस्तु डिजाईनको आवश्यकता पहिचान तथा महत्व विषयक एकदिने गोष्ठी** आयोजना गरियो । उक्त अवसरमा कार्यक्रमको महत्वबारेमा प्रकाश पार्दै हस्तकला डिजाइन तथा बिकास केन्द्रका सभापति श्री बिकासरत्न धाख्वाले हस्तकला क्षेत्रको व्यवसायिक प्रबर्द्धनका लागि व्यवसायीहरुले वस्तुको उत्पादन एवं गुणस्तरमा समयसापेक्ष तथा बजारको माग अनुरुप परिवर्तन गर्नुपर्ने आवश्यकता औंल्याउँदै गोष्ठीहरुको क्रममा सहभागीहरुले विषयगत सम्बन्धमा विचार विमर्श गरी महत्वपूर्ण उपाय पहिल्याउन आग्रह गर्नुभयो । डिजाइन विज्ञ श्री सानुराजा शिल्पकार श्रोतव्यक्ति रहनु भएको उक्त गोष्ठीमा विभिन्न विधाका हस्तकला वस्तु उत्पादन तथा निकासीमा संलग्न उद्यमी, कालिगढ तथा व्यवसायीहरु २० जनाको सहभागिता रहेको थियो । गोष्ठीमा सहभागीहरुलाई व्यवसाय प्रबर्द्धनका लागि वस्तुको डिजाइनको महत्व, वस्तुको डिजाईन विकास प्रक्रिया, डिजाइन विकासको क्रममा विद्यमान समस्याहरु, नयाँ डिजाईन विकास गर्दा विचार गनुपर्ने पक्ष सम्बन्धमा उदाहरण सहित उपयोगी जानकारीहरु प्रदान गरिएको थियो । गोष्ठीको क्रममा सहभागीहरुबीच वस्तु डिजाईन विकासका क्रममा विद्यमान समस्याहरु र तिनका समाधान उपायबारेमा विचार विमर्श भएको थियो । साथै कार्यक्रममा सहभगीहरुलाई वस्तुको डिजाइन विकास सम्बन्धी अभ्यास पनि गराइएको थियो ।

# जानकारी

## भन्सार महसुल (ड्युटी ड्र ब्याक) फिर्ता वापत जारी विशेष ऋणपत्रहरुको भुक्तानी सम्बन्धी सूचना

नेपाल उद्योग वाणिज्य महासंघबाट परिपत्र मार्फत जानकारी गराए अनुसार नेपाल राष्ट्र बैङ्कबाट भन्सार महसुल फिर्ता (Duty Drawback) वापत हालसम्म निष्काशन भएका तर भुक्तानी अवधि बाँकी रहेको एकमुष्ट ५ प्रतिशत ब्याज आर्जन हुने विशेष ऋणपत्रहरुको साँवा तथा हालसम्म पाकेको ब्याजको नगद मै भुक्तानी गर्ने सम्बन्धित निकायले निर्णय गरेको ब्यहोरा सम्बन्धित सबै व्यवसायी महानुभावहरुमा सूचित गरिन्छ । उक्त ब्यवस्था अनुसार भुक्तानी लिन इच्छुक विशेष ऋणपत्रका धनीहरुले मिति २०६३/१२/१४ गतेदेखि मिति २०६३/१२/३० सम्म नेपाल राष्ट्र बैंक, ऋण ब्यवस्थापन विभागमा विशेष ऋणपत्र र सोको ब्याज भुक्तानी पुर्जाको सक्कल प्रति तथा अन्य आवश्यक कागजात सहित २०६३/१२/१४, १५ र १६ को गोरखापत्रमा सूचना प्रकाशित गरी जानकारी गराए बमोजिम निवेदन पेश गर्न हुन समेत अनुरोध गरिन्छ ।

Saarc Chamber Craft Village
ECS Magazine ( 2007 April 5th last page)

प्रदर्शनीको माध्यमबाट सार्क मुलुकहरुका महिला उद्यमीहरुबाट उत्पादित हस्तकला, सुतिजन्य, हाते कागज, धातु तथा ऊनीजन्य वस्तु लगायत विभिन्न उपयोगी तथा उपहारका वस्तुहरुको प्रचा प्रसार तिनको व्यवसाय एवं बजार प्रबर्द्धन गर्ने उद्देश्यले सार्क चेम्बर महिला उद्यमी परिषदद्वारा लाजिम्पातस्थित होटल एम्बेसेडरमा सार्क मुलुकका महिला उद्यमीहरुका सीप एवं उत्पादनहरुको प्रदर्शनी  आयेजना गरियो । प्रदर्शित वस्तुहरुमा विशेष गरी हस्तकला, सुतिजन्य वस्तु, जूट एवं प्राकृतिक रेशाजन्य वस्तु, उपहार तथा सजावटका सामान, गर गहना, पश्मिना तथा हातेकागजका सामानहरु रहेका थिए । आयोजकका अनुसार यी वस्तुहरु सार्क उद्योग वाणिज्य संघको संरक्षणमा संचालित परियोजना अन्तर्गत स्थापित सार्क चेम्बर क्राफ्टस भिलेजमा महिला उद्यमीहरुबाट उत्पादन गरिएको हो । सार्क मुलुकका महिला उद्यमीहरुका उत्पादनहरुको अन्तराष्ट्रिय बजार प्रबर्द्धनमा टेवा पुऱ्याउनुका साथै तिनीहरुको व्यवासयिक क्षमता अभिबृद्धि गर्ने उद्देश्यले यस परियोजना संचालन गरिएको जनाइएको छ । यसैगरी उक्त सार्क चेम्बर क्राफ्ट भिलेजले सार्क मुलुकहरुमा रहेका ग्रामिण तथा शहरी क्षेत्रमा रहेका महिला उद्यमी, व्यवसायीहरु, उत्पादक वर्ग, सेवाग्राही महिला तथा सम्बन्धित संस्थाहलाई अन्तरराष्ट्रिय बजार वस्तुस्थिति तथा बजार प्रबर्द्धन सम्बन्धी सूचना एवं सेवा समेत प्रदान गर्ने उद्देश्य लिएको छ । नेपालको सन्दर्भमा नेपाल महिला उद्यमी महासंघले (Federation of Women Entrepreneurs Associations of Nepal (FWEAN) नेपालमा सार्क चेम्बर क्राफ्ट भिलेजको परियोजना कार्यान्वियन गर्ने संस्थाको भूमिका निर्वाह गर्दै आएको छ ।

## राष्ट्रिय उत्पादकत्व विकास संगटन वार्षिक योजना बैठक

सदस्य मुलुकमा अवस्थित उद्योगहरुको उत्पादकत्व अभिबृद्धि तथा सम्बन्धित उद्यमी व्यवसायीहरुको उत्पादन सीप एवं दक्षता अभिबृद्धिका लागि एशियन उत्पादकत्व संगठन (Asian Productivity organization अर्थात APO) जापानले विभिन्न समयमा विभिन्न गतिविधिहरु संचालन गर्दै आएको छ । यस संगठनको उद्देश्य अनुरुप कार्य सम्पादन गर्न तथा उत्पादकत्व अभिबृद्धि सम्बन्धी गतिविधिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै जान एशियाका विभिन्न मुलुकहरुमा राष्ट्रिय उत्पादकत्व संगठनको स्थापना गरिएको छ । APO को गतिविधि सम्बन्धी सिंहावलोकन तथा आगामी वर्षका लागि यस संगठनबाट गर्नुपर्ने पर्ने तथा सम्पादन गरिने कार्य एवं कार्यक्रमको योजना तय गर्ने उद्देश्यले सन् २००७ को मार्च ६ देखि ८ तारीखसम्म इण्डोनेसियाको बाली यस संगठनमा आबद्ध एशियाका विभिन्न मुलुकका राष्ट्रिय उत्पादकत्व संगाठनका प्रमुखहरुको सहभागितामा APO को ४७ औं कार्यशाला एवं वार्षिक योजना बैठक सम्पन्न भयो । इण्डोनेसियका जनशक्ति तथा प्रवास मन्त्री श्री इरमान सुपनाबाट उद्घाटन सम्पन्न उक्त कार्यशालामा करीब ७० मुलुकका राष्ट्रिय उत्पादन संगठनका प्रमुखहरु, सल्लाहाकारहरु, प्रतिनिधिहरु लगायत APO सचिवालयका कर्मचारीहरुको सक्रिय सहभागिता रहेको थियो । सो कार्यक्रममा APO का महासचिव श्री सीगेओ ताकेनाकाले संगठनको वार्षिक प्रतिवेदन प्रस्तुत भई विगत वर्षमा संगठनद्वारा संचालित विभिन्न परियोजनाहरको मूल्यांकन गरिनुका साथै आगामी सन् २००८र २००९ का लागि उपयुक्त कार्यक्रम एवं कार्य योजना तय गरिएको थियो । सो क्रममा सदस्य मुलुकहरुमा के कसरी उत्पादकत्व अभिबृद्धिलाई समयसापेक्ष परिष्कृट बनाउने, कसरी प्रभावकारी एवं प्रतिस्पर्धी बनाउने, कस्तो परिवर्तन ल्याउने र यसका लागि संगठनको भूमिका कस्तो रहने भन्ने सम्बन्धमा सहभागीहरु छलफल तथा विचारविमर्श गरिएको थियो । अन्तमा कार्यशालाको क्रममा तय गरिएका योजनालाई आवश्यक कार्यान्वयनका सन् २००७ को जन २६ देखि २८ तारीखसम्म मंगोलियाको उल्लानबत्तारमा हुने APO Governing Body को बैठकमा प्रस्ताव गर्ने निर्णय सहित कार्यशाला सम्पन्न भएको जनाइएको छ ।